# बिष्णुपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**बिष्णुपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**
(आर्थिक प्रशासन शाखा)

प.स.२०८०/०८१
च.नं. १४९७

मिति : २०८१/०३/१०

विषयः- भुक्तानि बन्द हुने सम्बन्धमा ।

श्री सरोकारवाला (सवै)
श्री विषयगत शाखा (सवै)
श्री वडा कार्यालय (सवै)
विष्णुपुर गाउँपालिका सप्तरी ।

उपरोक्त सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उप नियम (१), मा व्यवस्था भए बमोजिम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानि दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानि निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको छ । सोही सन्दर्भमा यस कार्यालयको आर्थिक कारोवार स्थानिय सञ्चितकोष व्यवस्थापन प्रणाली (Su-Tra) बाट हुदै आएकोमा २०८१ असार २४ गते नै Su-Tra बन्द भई सम्पुर्ण आर्थिक कारेवार बन्द हुने व्यहोरा अवगत नै छ ।

तसर्थ यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८०/०८१ का लागि १३ औ विशेष गाउँ सभा बाट स्वीकृत भएका बजेट, योजना / कार्यक्रमहरुको लागि कार्यालयबाट सम्झौता भई कार्यदेश लिई सकेका र भुक्तानि लिन बाँकी यस कार्यालय वा अन्तर्गतका कार्यालयहरु, विषयगत शाखाहरु, व्यक्ति, फर्म/सप्लायर्स, आपुर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुले २०८१ अषाढ २० गते भित्र नियमानुसार सम्पुर्ण कागजात पेश गरि भुक्तानी तथा फरफारक गर्नु गराउनु हुन अनुरोध छ । साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीको लागि पेश नभएमा, भुक्तानि नलिएमा सरोकारवालाहरु स्वयं जिम्मेवार हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।

**वोधार्थ :-**
श्रीमान् अध्यक्ष ज्यू, विष्णुपुर गाउँपालिका- सादर अवगतार्थ ।
श्रीमान् उपाध्यक्ष ज्यू, विष्णुपुर गाउँपालिका- सादर अवगतार्थ ।
श्री सूचना प्रविधि शाखा, विष्णुपुर गाउँपालिका, सप्तरी :- कार्यालयको वेवसाईटमा अपलोड गरि दिनु हुन ।

विश्वनाथ यादव
लेखापाल

शन्त कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत